# संदिग्ध दुर्व्यवहार भएका बालबालिकाको सुरक्षाको सम्बन्धमा बाल संरक्षण अनुसन्धान र बहुविषयक मामिलाको सम्मेलन -- आमाबुवाका लागि सूचना

उचित शारीरिक, मनोवैज्ञानिक तथा भावनात्मक स्याहार पाइ स्वास्थ्य वातावरणमा हुर्कन पाउनु सबै बालबालिकाहरूको अधिकार हो। उनीहरूलाई हानि र शोषणबाट जोगाउनुपर्छ। आफ्ना बालबालिकाहरूका शारीरिक, मनोवैज्ञानिक र सामाजिक आवश्यकताहरू पूर्ति गर्नु सबै आमाबुवा/अभिभावक र स्याहारकर्ताहरूको जिम्मेवारी हो।

हामी बुझ्दछौँ कि आमाबुवा/स्याहारकर्ताहरूका विभिन्न समस्याहरू हुन सक्छन् जसले गर्दा उनीहरूले आफ्ना बच्चाहरूलाई सबै समयमा उचित स्याहार र मार्गदर्शन प्रदान गर्न असमर्थ हुन्छन्। यद्यपि, आमाबुवा/स्याहारकर्ताहरूले बच्चाको शारीरिक/मनोवैज्ञानिक स्वास्थ्य तथा विकासमा खतरा वा हानि पुर्‍याउने कार्य वा उपेक्षा गरेको विश्वास गर्ने कुनै कारण छ भने, बच्चाको सुरक्षा र उत्कृष्ट हितका सुरक्षा निर्देशिका सुनिश्चित गर्नका लागि "बालबालिकालाई दुर्व्यवहारबाट जोगाउँदै – बहु-अनुशासनात्मक सहकार्यका लागि प्रक्रियात्मक मार्गदर्शक" दिए अनुसार आवश्यक कदमहरू चाल्नका लागि बच्चासँग सम्पर्कमा आउन सक्ने सबै व्यक्तिहरू जिम्मेवार छन्। प्रारम्भिक मूल्याङ्कन र/वा बाल संरक्षण अनुसन्धान गर्नका लागि उनीहरूले सामाजिक कल्याण विभाग (Social Welfare Department) को परिवार तथा बाल संरक्षण एकाईको सामाजिक कार्यकर्ता वा बच्चा तथा परिवारको मामिला सम्हालिरहेको SWD/गैर-सरकारी संस्थाका सामाजिक कार्यकर्तालाई पनि रिपोर्ट गर्नुपर्छ। संदिग्ध यौन दुर्व्यवहारका मामिलाहरूका लागि, आमाबुवा/स्याहारकर्ता वा अन्य कुनै  पनि व्यक्ति संलग्न भए वा नभएतापनि, व्यक्तिहरूले सो मामिलालाई माथि उल्लिखित कार्यविधिको अनुसार व्यवस्था गर्नुपर्छ।

यसबारे चिन्तित अभिभावक/स्याहारकर्तालाई दोष लगाउने वा नकरात्मक रूपमा अभिभावक/स्याहारकर्ता/बच्चालाई लेबल गर्ने नभएर परिस्थितिको गुरुत्वाकर्ष समाल्ने परिवारलाई सक्षम बनाउनु हो जसकारण बच्चाको शारीरिक र मनोवैज्ञानिक सुरक्षा सुनिश्चित गर्नको लागि परिवारले कर्मचारीसँग सह-कार्य गरेर जति सक्दो छिटो राम्रोसँग समस्याहरू समाधान गर्नको लागि आफ्नै बल र संशाधानहरूको प्रयोग गर्नेछ।

## सामाजिक कार्यकर्ताले मामिलालाई कसरी सम्हाल्छ र अनुसन्धान गर्छ?

बच्चालाई सम्भावित हानि/दुर्व्यवहारमा परेको देख्दा (शारीरिक, मनोवैज्ञानिक, लैङ्गिक दुर्व्यवहार वा उपेक्षित सहित), सामाजिक कार्यकर्ताले पहिला मामिलालाई अन्वेषण गर्नेछ र प्रारम्भिक मूल्याङ्कन गर्नका लागि आधारभूत जानकारीहरू सङ्कलन गर्नेछ र त्यसपछि बाल संरक्षण अनुसन्धान गरिएको छ/छैन वा बाल संरक्षण अनुसन्धान गर्नका लागि सम्बन्धित एकाइमा रिपोर्ट

गरिएको छ/छैन भनी निर्णय गर्नेछ। यदि सामाजिक कार्यकर्ताले बच्चाको चिकित्सा जाँच वा उपचारको प्रबन्ध मिलाउने वा अस्थायी रूपमा रहन बच्चाका लागि सुहाउँदो स्थानको प्रबन्ध मिलाउने जस्ता बाल सुरक्षालाई सुनिश्चित गर्नका लागि तत्काल कार्यवाही आवश्यक पर्छ भनी विचार गर्दछ भने, सामाजिक कार्यकर्ताले पहिला सम्भव भएसम्म आमाबुवालाई सम्पर्क गर्नेछन् र उहाँ/उहाँहरू र बच्चालाई सान्दर्भिक प्रक्रियाहरूको बारेमा बुझाउनुहुनेछ। आपराधिक कार्य भएको संकेत गर्ने परिस्थितिहरू देखिएमा, सामाजिक कार्यकर्ता वा सान्दर्भिक व्यक्तिहरुले सो मामिला बारे प्रहरीमा रिफर गर्नुपर्छ।

**आमाबुवाले सामाजिक कार्यकर्ता र विभिन्न व्यक्तिहरूलाई सहयोग गर्नु एकदमै महत्त्वपूर्ण छ। हामी भविष्यमा बालबालिकालाई हानि/दुर्व्यवहारबाट जोगाउनका लागि बच्चालाई उचित स्याहार र रेखदेख प्रदान गर्न आमाबुवालाई सजिलो बनाउन सबै पक्षहरू बीच छलफल पश्चात् एउटा उपयुक्त योजनामा सहमति हुनेछ भन्ने अपेक्षा गर्दछौं।**

मामिला ह्याण्डल गर्ने र अनुसन्धान सम्बन्धी थप जानकारी निम्नानुसार छन्।

**चिकित्सा परीक्षण वा उपचार**

बच्चालाई चिकित्सा परीक्षण वा उपचारको आवश्यक भएमा, सामाजिक कार्यकर्ता वा सम्बन्धित कर्मचारीले बच्चालाई अस्पताल प्राधिकरण (Hospital Authority) अन्तर्गतको अस्पतालमा उपस्थित हुने प्रबन्ध मिलाउनुहुनेछ। बच्चाले दुर्घटना तथा आकस्मिक विभागमा प्रतीक्षा गर्न नपरोस् भनेर आमाबुवाबाट प्राप्त गरेको सहमतिका साथ सामाजिक कार्यकर्ताले बच्चालाई वार्डमा सिधै भर्ना गर्नको लागि चिकित्सकलाई सम्पर्क गर्न सक्नुहुन्छ। आवश्यक भएमा विस्तृत परीक्षण, मूल्याङ्कन वा निरीक्षणका लागि बच्चा अस्पतालमै रहन आवश्यक पर्न सक्छ।

**अस्थायी स्याहार व्यवस्था**

यदि बच्चालाई अस्पतालमा परीक्षण वा उपचार गर्न आवश्यक छैन तर सामाजिक कार्यकर्ता वा अनुसन्धानमा संलग्न अन्य कर्मचारीले बच्चा अहिले घर फर्कन उपयुक्त छैन भन्ने ठहर गरेमा, सामाजिक कार्यकर्ताले आमाबुवासँग छलफल गरी बच्चा अस्थायी रूपमा रहनका लागि उपयुक्त स्थानको प्रबन्ध मिलाउनुहुनेछ।

**अनुसन्धानहरू**

सामाजिक कार्यकर्ताले बच्चा वा उहाँको पारिवारिक सदस्यहरूसँग अन्तर्वार्ताहरू लिने र घर गइ भेट्ने र बच्चा र उहाँको परिवारको बारेमा जानकारी भएका संस्थाहरूका कर्मचारीबाट आवश्यक जानकारी लिने कार्यहरू सहित पारिवारिक परिस्थतिहरूको गहिरो बाल संरक्षण अनुसन्धान र

मूल्याङ्कन गर्नुहुनेछ।। घटनाको बारेमा जानकारी लिने कार्य बाहेक, सामाजिक कार्यकर्ताले बच्चा र उहाँको पारिवारिक सदस्यहरूको परिस्थितिहरूबारे विस्तृतमा अध्ययन गर्ने र बच्चालाई हानी/दुर्व्यवहार हुने जोखिम, बच्चा/परिवारको आवश्यकता, कठिनाइ र सबलताहरूको मूल्याङ्कन गर्नुका साथै उहाँहरूका लागि प्रारम्भिक फलो-अपको व्यवस्था मिलाउने कार्य पनि गर्नुहुनेछ।

अन्य पेशेवरहरूले चिकित्सा परीक्षण, अपराधिक अनुसन्धान वा मनोवैज्ञानिक वा मनोचिकित्सक मूल्याङ्कन, आदि जस्ता अन्य मूल्याङ्कनहरू पनि सञ्चालन गर्नुहुनेछ। सम्बन्धित पेशेवरहरूले आमाबुवालाई विस्तृत स्पष्टीकरण दिनुहुनेछ र उहाँहरूलाई अनुसन्धानको उद्देश्य र महत्त्वबारे बुझ्नमा मद्दत गर्नुहुनेछ। घटना गम्भीर भएमा वा अपराधिक अपराध गरिएको हुन सक्छ भने, कर्मचारीले आमाबुवा/बच्चा अनुसन्धानको लागि इच्छुक नभएतापनि सो कार्यको लागि प्रहरीलाई मामिलाबारे सूचित गर्न गर्न आवश्यक पर्छ।

## यदि आमाबुवाले माथिका व्यवस्थाहरूमा सहमति जनाउनुहुन्न भने

माथिका प्रबन्धहरू बच्चाको सुरक्षा मार्गदर्शनको हित सुनिश्चित गर्नका लागि हुन् भनी बुझ्न आमाबुवाहरूलाई विनम्र अनुरोध गरिन्छ। हामी बुझ्दछौँ कि अनुसन्धानको क्रममा आमाबुवालाई व्याकुल र अप्ठेरो लाग्न सक्छ र ती व्यक्तिको भन्दा भिन्न दृष्टिकोण हुन सक्छ। मानिसहरूले आमाबुवाका विचारहरूलाई ध्यानमा राख्नेछन्। यद्यपि, बच्चाको सुरक्षा र उसको/उनको हित सुनिश्चित गर्नका लागि, आमाबुवाहरूले केहिनिश्चित प्रबन्धहरू प्रति सहमति नजनाए पनि, सम्बन्धित व्यक्तिले आवश्यकता जनाएको खण्डमा बालबालिका तथा अल्पवयस्कहरूको सुरक्षा अध्यादेश क्याप 213 अन्तर्गत बच्चाको सुरक्षाका लागि बच्चालाई सुरक्षित स्थानमा लाने सहितका कानूनी उपायहरू अपनाउने विचार गर्न सक्नेछन्।

विधानका प्रावधानहरूको आह्वान बारे थप जानकारी निम्नानुसारछन् ।

### चिकित्सा परीक्षण वा उपचार

अभिभावकहरूले चिकित्सा परीक्षण वा उपचारको लागि बच्चा व्यवस्थित गर्न सहमति नदिएमा तर बालबालिका तथा अल्पवयस्क संरक्षण अध्यादेशको क्याप 213 (PCJO) को उपधारा 34F(1) र (2) अनुसार अनुसन्धान गर्ने कर्मचारीलाई समाज कल्याणको निर्देशक (DSW) द्वारा लिखित रूपमा अधिकार-प्राप्त कुनैपनि व्यक्ति वा स्टेसन सार्जेन्ट वा सोभन्दा माथिल्लो तहको कुनैपनि प्रहरी अधिकारीलाई स्याहार वा सुरक्षा आवश्यक रहेको देखिने बच्चा वा अल्पवयस्कलाई तत्काल चिकित्सकीय वा शल्यचिकित्सा सेवा आवश्यक छ जस्तो लागेमा उनीहरूले सो बच्चा वा

अल्पवयस्कलाई अस्पताल लान सक्नेछन्। अस्पताल लगेर भर्ना गरिएको बच्चा वा अल्पवयस्कलाई समाज कल्याणको निर्देशक (DSW) ले सो बच्चा वा अल्पवयस्कलाई चिकित्सकीय वा शल्यचिकित्सा सेवा वा उपचारका लागि आवश्यक पर्ने समयसम्म अस्पतालमा राख्न सक्नेछ र त्यसपश्चात् DSW ले उसलाई आश्रय स्थलमा लिएर जान सक्नेछन्।

**अस्थायी स्याहार व्यवस्था**

अनुसन्धान गर्ने कर्मचारीसँग अभिभावकहरूले बच्चालाई PCJO को खण्ड 34E(1) अनुसार वैकल्पिक स्थानमा अस्थायी रूपमा बस्न अनुमति नदिँदा त्यस क्षणमा बच्चालाई घर फर्काउन उचित हुँदैन भन्ने धारणा भएमा, DSW द्वारा लिखित रूपमा अधिकार-प्राप्त कुनैपनि व्यक्ति वा स्टेसन सार्जेन्ट वा सोभन्दा माथिल्लो तहको कुनैपनि प्रहरी अधिकारीलाई स्याहार वा सुरक्षाको आवश्यकता भएको देखिने कुनै पनि बच्चा वा अल्पवयस्कलाई आश्रय स्थल वा उसलाई उचित लाग्न सक्ने अन्य कुनै त्यस्ता स्थानमा लान सक्नेछन्। अधिकारीले त्यसपछि 48 घण्टाको समयभित्र बच्चाको लागि अदालतमा स्याहार वा सुरक्षा आदेशको आवेदन तयार पार्नेछ।

## संदिग्ध दुर्व्यवहार भएका बालबालिकाको सुरक्षाको सम्बन्धमा बहुविषयक मामिलाको सम्मेलन

सामाजिक कार्यकर्ता र सान्दर्भिक व्यक्तिले अनुसन्धान सञ्चालन गरेपछि र मामिलाका लागि निश्चित जानकारी प्राप्त गरेपछि बहुविषयक मामिला सम्मेलन आयोजना गर्नेछन्। सम्मेलनमा छलफल गरिने सम्पूर्ण जानकारीलाई गोपनीय राखिनेछ। सम्मेलन दोषी अपराधीको अभियोग बारे छलफल गर्नको लागि नभएर मुद्दा समाल्न र अनुसन्धान गर्नमा महत्त्वपूर्ण भूमिका निभाएका पेशेवरहरूलाई अनुमति दिन, उनीहरूको ज्ञान, प्राप्त गरिएको जानकारी र बच्चाको स्वास्थ्य, विकास, जीवनका मामिलाहरू समाल्ने क्षमता र बच्चाको सुरक्षा सुरक्षित राख्ने र उसको उत्कृष्ट हितको सुरक्षा गर्ने र बच्चा र उसको परिवारको लागि फलो-अप योजनाका कार्यहरू सिफारिस गर्ने उद्देश्यका साथमा बच्चाको सुरक्षा सुनिश्चित गर्नमा उसको अभिभावक/स्याहारकर्ताहरूको क्षमता साझा गर्नको लागि सम्मेलन राखिएको हो।

सबै आवश्यक जानकारी तयार गरिएको छ भने, सम्बन्धित बच्चाको सुरक्षालाई संरक्षण गर्नका लागि सम्भव भएसम्म छिटो योजना बनाउने दृष्टिकोणले, बाल सुरक्षा अनुसन्धानका लागि जिम्मेवार सामाजिक सेवा एकाइद्वारा रिपोर्ट प्राप्त गरेपछि व्यावहारिक भएसम्म छिटो 10 कार्य दिनभित्रमा सम्मेलन आयोजना गरिनेछ।

बहु-अनुशासनात्मक मामिला सम्मलेन सम्बन्धी थप जानकारी निम्नानुसार छन्।

**सम्मेलन सदस्यहरू**

बहु-अनुशासनात्मक मामिला सम्मेलनको संयोजन सामान्यतया सामाजिक कार्यकर्ताद्वारा गरिन्छ। सम्मेलनमा उपस्थित हुने सदस्यहरूमा मामिलाको अनुसन्धानमा भाग लिने, बच्चा र उहाँको परिवारको बारेमा जानेबुझेको वा भविष्यमा मामिलाको फलो-अप गर्न सक्ने पेशेवरहरू समावेश हुन्छन्, अर्थात्:

- सामाजिक कार्यकर्ताहरू
- चिकित्सा कर्मचारी
- विद्यालयको कर्मचारी
- प्रहरी अधिकारीहरू
- क्लिनिकल मनोवैज्ञानिकहरू
- हाल सम्बन्धित बच्चा वा उहाँको परिवारलाई सेवाहरू उपलब्ध गराइरहेका पेशेवरहरू
- जानकारी प्रदान गर्न आवश्यक हुने वा भविष्यमा मामिलालाई ह्याण्डल गर्न सक्ने अन्य पेशेवरहरू

**सम्मेलन कसरी आयोजना गरिन्छ**

सम्मेलनमा उपस्थिति हुने पेशेवरहरूले सामान्यतया अनुसन्धानबाट प्राप्त भएको जानकारी र परिवारको बारेमा आफूले जानेबुझेका कुराहरू अन्य सदस्यहरूलाई रिपोर्ट गरेर सुरू गर्ने गर्छन्। त्यसपछि सम्मेलनमा निम्न कुराहरूको बारेमा छलफल गरिन्छ:

- बच्चाको सुरक्षाको दृष्टिकोणबाट घटनाको प्रकृति फैसला गर्ने
- सम्बन्धित बालबालिका(हरू) साथसाथै परिवारका अन्य बालबालिका र तिनीहरूका आवश्यकताहरूमा दुर्व्यवहारको वर्तमान/भविष्यको जोखिम स्तरको मूल्याङ्कन गर्ने
- मामिलाको श्रेणी फैसला गर्ने (यो बाल संरक्षणको मामिला हो वा होइन भनी)
- माथिका छलफलको परिणामको आधारमा, बाल स्याहारको प्रबन्ध सहित बच्चाको सुरक्षा वा उहाँका उत्कृष्ट हितको सुरक्षाको रक्षा गर्न सम्बन्धित बच्चा र उहाँको परिवारको फलो-अप योजनाको सम्बन्धमा र बच्चाको लागि वैधानिक कार्यवाही आवश्यक छ वा छैन भनी सिफारिस गर्ने र प्रबन्ध मिलाउने
- इकाइ र सामाजिक कार्यकर्ता मामिलाको फलो-अप गर्ने कार्यमा जिम्मेवार छन् वा छैनन् भनी निर्धारण गर्ने, फलो-अप योजनाको कार्यान्वयनमा अन्य पेशेवरहरूको भूमिका र जिम्मेवारीहरू चित्रण गर्ने र उपयुक्त रूपमा मामिलाको फलो-अप गर्नको लागि मूल समूहलाई अपोइन्ट गर्ने र मूल समूहको सदस्यता फैसला गर्ने
- बाल संरक्षण रजिस्ट्रीमा सम्बन्धित बच्चा र/वा उहाँको सहोदरहरूको बारेमा जानकारी दर्ता गर्ने वा नगर्ने भनी निर्धारण गर्ने
- अपराधिक अपराध गरिएको हुन सक्छ भने, यो नगरिएको भएमा सम्मेलन हुनुअघि नै प्रहरीलाई घटनाको बारेमा रिपोर्ट गर्ने आवश्यकताबारे छलफल गर्ने। कृपया सम्मेलनको उद्देश्य बच्चा र उहाँको परिवारको हितको रक्षा गर्न केन्द्रित रहन्छ भन्ने कुरामा ध्यान

दिनुहोस्। कथित अपराधी(हरू) माथि मुद्दा चलाउने वा नचलाउने भन्ने विषयमा प्रहरीले गरेको निर्णयमा सम्मेलनको निर्णयको कुनै पनि बाध्यकारी प्रभाव हुँदैन

**फलो-अप योजनामा के-के समावेश गरिन्छ**

फलो-अप योजनाको मुख्य उद्देश्य भनेको बच्चालाई हुने हानीको जोखिम कम गर्नु वा हटाउनु हो र बाल स्याहार र पालन-पोषणमा परिवारको प्रकार्य र उहाँहरूको क्षमता बढाउनु हो जसकारण उहाँहरूले बच्चाको सुरक्षालाई रक्षा गर्ने पूर्ण जिम्मेवारी उठाउन सक्नुहुन्छ।

हानी पुगेको/दुर्व्यवहारको शिकार भएको बच्चा र उहाँको परिवारको परिस्थिति र आवश्यकताहरूको आधारमा, फलो-अप योजनामा निम्न समावेश हुन सक्छन्:

- बच्चा र उहाँको परिवारको लागि परामर्श सेवा
- बच्चा र उहाँको परिवारको लागि क्लिनिक मनोवैज्ञानिक र/वा चिकित्सकीय मूल्याङ्कन र उपचार
- बच्चा र/वा उहाँको सहोदरहरूको सुरक्षाको रक्षा गर्न वा आमाबुवालाई आफ्ना बच्चा(हरू)को स्याहार वा रेखदेखबाट अस्थायी राहत दिन तिनीहरूका लागि दिवा वा आवासीय बाल स्याहार सेवा
- बालबालिका तथा अल्पवयस्कहरूको सुरक्षा अध्यादेश, क्याप213 को खण्ड 34(2) अन्तर्गत बच्चा र/वा उहाँका सहोदरहरूको स्याहार र/वा निरीक्षणका लागि अदालतबाट आदेश पाउन आवेदन दिने
- भावानात्मक समस्याहरू, तनाव, जुवा, मदिरा दुर्व्यसनी, लागू औषध दुर्व्यसनी, इत्यादिको सामना गर्न परिवारजन(हरू)का लागि विशेष सेवाहरू
- आमाबुवालाई शिक्षा वा अभिभावक-बच्चा क्रियाकलाप वा पाठ्यक्रमहरू
- बच्चाको लागि अध्ययनमा सहायता र अतिरिक्त पाठ्यक्रम सम्बन्धी क्रियाकलापहरू
- परिवारको लागि आर्थिक वा रोजगार सहायता
- जोखिममा रहेका अन्य परिवारजनहरूका लागि आश्रय केन्द्र, अस्थायी आवासीय सेवा वा विश्राम स्याहार सेवाहरू, इत्यादि
- अन्य सामुदायिक समर्थन सेवाहरू

मामिलाको फलो-अप गर्ने क्रममा, बच्चा र उहाँको परिवारको अवस्थाको नियमित समीक्षा गर्न र उचित सहायता प्रदान गर्नका लागि सामाजिक कार्यकर्ताले बच्चा र उहाँको परिवारसँग सम्पर्क गर्नुहुनेछ र आवश्यक भएअनुसार र आवश्यक हुँदा सम्बन्धित पेशेवरहरूसँग सम्पर्क कायम राख्नुहुनेछ। आवासीय बाल स्याहार सेवाको प्रबन्ध मिलाइएको खण्डमा, सामाजिक कार्यकर्ताले आमाबुवा र बच्चासँग भेट्ने, घुम्न जाने, घर बिदा, इत्यादिको प्रबन्धको बारेमा छलफल गर्नुहुनेछ र परिवारलाई स्याहार र पालन-पोषण सम्बन्धी समस्याहरू व्यवस्थित गर्न सहयोग गर्नुहुनेछ ता कि बच्चाले सकेसम्म छिटो आफ्नो परिवारसँग बस्न पाओस्।

**यदि बच्चालाई दुर्व्यवहार भएको शंका गरिँदा के सम्मेलनमा आमाबुवा वा बच्चा सहभागी हुन सक्नुहुन्छ**

सम्मेलनमा दुईवटा भाग हुनेछ। पहिलो भागमा सदस्यहरू बीच छलफल हुन्छ। दोस्रो भागमा सदस्यहरूले आमाबुवाहरूसँग छलफल गर्नुहुन्छ। सामान्य परिस्थितिहरूमा, संदिग्ध दुर्व्यवहार भएको बच्चाको आमाबुवालाई सम्मेलनको दोस्रो भागमा आमन्त्रित गरिनेछ। केही अवस्थाहरूमा, बच्चालाई सम्मेलनमा उपस्थित हुँदा लाभ हुन्छ भने उहाँलाई पनि आमन्त्रित गर्न सकिन्छ।

आमाबुवा र/वा बच्चालाई सम्मेलनमा उपस्थित हुनको लागि आमन्त्रण गर्नुको उद्देश्य भनेको सम्मेलनसँग सम्बन्धित समस्याहरूको बारेमा उहाँहरूसँग छलफल गर्नु हो। उहाँहरूलाई सम्मेलनको विचार/सिफारिस/निर्णयहरूको बारेमा सूचना दिनु बाहेक, फलो-अप योजनाको कार्यान्वयनमा पेशेवरहरूसँग सहकार्य गर्ने तरिकामा आमाबुवाको बुझाइ बढाउनका लागि विशेषगरी सम्मेलनमा सिफारिस गरिएको फलो-अप योजनामा उहाँहरूको विचारलाई पनि सुविचारित गरिनेछ।

यद्यपि, आमाबुवा(हरू)को उपस्थितिलाई सदस्यहरूद्वारा अनुपयुक्त ठानिएमा उहाँहरूलाई आमन्त्रण नगर्न सकिन्छ (उदाहरण, उहाँको उपस्थितिले बच्चाको उत्कृष्ट हितमा गम्भीर तरिकाले हानी पुऱ्याउन सक्छ वा सम्मेलनको प्रक्रियामा हस्तक्षेप गर्न सक्छ वा स्वास्थ्य, मानसिक र भावनात्मक अवस्थाहरूले उहाँहरूलाई छलफलमा प्रभावकारी रूपले सहभागी हुन असक्षम बनाउनेछ)।

यदि आमाबुवा वा बच्चा सम्मेलनमा उपस्थित हुनुहुन्न भने, उहाँहरूले सम्मेलन हुनुअघि अनुसन्धान गर्ने सामाजिक कार्यकर्ता वा अन्य सदस्यहरू समक्ष सम्मेलनमा उहाँहरूको विचार पाउनको लागि घटना र फलो-अप योजना सम्बन्धी आफ्ना विचारहरू व्यक्त गर्न सक्नुहुन्छ। अध्यक्ष वा सामाजिक कार्यकर्ताले (आवश्यकता अनुसार निश्चित सदस्यहरूसँग मिलेर) सम्मेलनपछि आमाबुवा वा बच्चालाई सम्मेलनमा गरिएका निर्णय र सिफारिसहरूको बारेमा व्याख्या गर्नुहुनेछ। आमाबुवाले अझैपनि ती सिफारिसहरूको सम्बन्धमा आफ्ना विचारहरू राख्न पाउनुहुनेछ। आवश्यक भएमा, सामाजिक कार्यकर्ताले आफ्ना विचारहरू अन्य सदस्यहरू सामु राख्नुहुनेछ।

**के सम्मेलनमा आमाबुवाले आफ्नो साथमा आफन्त वा अन्य व्यक्तिहरू ल्याउन पाउनुहुन्छ**

सम्मेलनका सदस्यहरूको सहमतिमा बच्चाको बारेमा राम्रोसँग जानेबुझेका र फलो-अप योजना बनाउन वा कार्यान्वयन गर्नमा योगदान पुऱ्याउने महत्त्वपूर्ण परिवारजन र आफन्तहरूलाई पनि आवश्यकता अनुसार आमन्त्रित गर्न सकिन्छ। यद्यपि, सम्मेलनमा उपस्थित हुन नसक्ने आमाबुवाले कुनै प्रतिनिधिलाई उपस्थित हुन पठाउन पाउनुहुनेछैन किनभने उक्त व्यक्तिले छलफलमा सहभागी

हुन वा आमाबुवाको तर्फबाट निर्णयहरू गर्न पाउँदैन। सम्मेलन सकिएपछि, सभाध्यक्ष वा सामाजिक कार्यकर्ताले (आवश्यकता अनुसार निश्चित सदस्यहरूको साथमा) आमाबुवालाई सम्मेलनमा गरिएका निर्णय र सिफारिसहरूको बारेमा बुझाउनुहुनेछ।

**आमाबुवा सम्मेलनमा कसरी सहभागी हुन सक्नुहुन्छ**

सम्मलेन अघि, अध्यक्ष वा अनुसन्धान सामाजिक कार्यकर्ताले आमाबुवालाई सम्मेलनको उद्देश्य, सदस्यता र प्रक्रिया, इत्यादीको बारेमा संक्षिप्तमा व्याख्या गर्नुहुनेछ। सम्मेलनको अवधिमा, आमाबुवाले परिवारको पृष्ठभूमि जानकारी पूर्ति गर्न, छलफलमा सहभागी हुनुका साथै जोखिम र फलो-अप योजनाको आवश्यक मूल्याङ्कन, गठन र/ कार्यान्वयनमा विचारहरू दिन सक्नुहुन्छ। आमाबुवाले सम्मेलनमा छलफल भएका विषयहरूको बारेमा सभाध्यक्ष वा सदस्यहरूबाट स्पष्टीकरण माग्न पनि सक्नेछन्।

**सम्मेलनपछि आमाबुवाले के गर्नुपर्छ**

सम्मेलनले कुन इकाई र कस्ता पेशेवरका सामाजिक कार्यकर्ताले भविष्यमा मामिलाको फलो-अप गर्नुपर्छ भनी निर्धारण गर्नेछ। आमाबुवालाई जिम्मेवार सामाजिक कार्यकर्ता र मामिलाको फलो-अपमा संलग्न अन्य पेशेवरहरूसँग सम्पर्कमा रही सकेको हदसम्म बच्चाको सुरक्षा र परिवारको हित सुनिश्चित गर्न सुझाव दिइन्छ। आमाबुवाको सहयोग र सक्रिय सहभागिता एकदमै महत्त्वपूर्ण छ।

**यदि आमाबुवा सम्मलेनको निर्णय प्रति असहमत भएमा**

सम्मेलनमा उपस्थित हुने आमाबुवाले सम्मेलनमा आफ्ना विचारहरू राख्न पाउनेछन्। यद्यपि, आमाबुवा सम्मेलनमा सहभागी भएका हुन् वा होइनन् भन्ने कुरालाई ध्यान नदिई, उहाँहरूले आवश्यक भएमा सम्मेलन सकिएपछि सभाध्यक्ष र/वा जिम्मेवार सामाजिक कार्यकर्ता समक्ष आफ्ना विचारहरू राख्न सक्नुहुन्छ।

सम्मेलनद्वारा निर्धारण गरिए अनुसार मामिलाको प्रकृति प्रति आमाबुवा असहमत हुनुहुन्छ भने, सभाध्यक्ष वा जिम्मेवार सामाजिक कार्यकर्ताले सो निर्णय गर्नुका कारणहरू बुझाउनुहुनेछ। हामी आमाबुवाले सम्मेलनका सदस्यहरूद्वारा दिइएको पेशेवर सुझाव-सल्लाहको आधारमा बच्चाको शारीरिक र मनोवैज्ञानिक सुरक्षाको रक्षा गर्ने दृष्टिकोणबाट घटनाको प्रकृति निर्धारण गरिएको हो भन्ने कुरा बुझ्न सक्नुहुन्छ भन्ने आशा राख्छौं। घटनाको प्रकृति प्रति आमाबुवाको विचार र त्यसको व्याख्या सदस्यहरूको भन्दा केही फरक हुन सक्ने भए तापनि, महत्त्वपूर्ण कुरा भनेको भविष्यमा परामर्श वा अन्य सहायता सेवाहरूको माध्यमबाट यी समस्याहरू कम गर्नको लागि सम्बन्धित समस्याहरूमा पुग्नको लागि सहमति पाउनु हो।

यदि बच्चाको सुरक्षा र/वा स्याहारको सम्बन्धमा सम्मेलनद्वारा सिफारिस गरिएको फलो-अप

योजनाको निश्चित प्रबन्ध(हरू) प्रति आमाबुवा असहमत हुनुहुन्छ भने, समाज कल्याण विभागको सामाजिक कार्यकर्ता वा प्रहरीले बालबालिका तथा अल्पवयस्क सुरक्षा अध्यादेश, क्याप 213 को खण्ड 34(2) अन्तर्गत बच्चाको लागि अदालतमा स्याहार वा सुरक्षा आदेश पाउन आवेदन दिनुपर्ने हुन सक्छ। आमाबुवाले सुनुवाईमा आफ्ना विचारहरू राख्न पाउनुहुनेछ। त्यसपछि अदालतले सम्बन्धी प्रबन्धहरूमा फैसला गर्नेछ। आमाबुवाले फलो-अप योजना प्रति असहमति जनाइ सम्बन्धित संस्थामा उजुरी दायर गरेपनि, जिम्मेवार सामाजिक कार्यकर्ता र सम्बन्धित पेशेवरहरूले सम्मेलनद्वारा सिफारिस गरिएको फलो-अप योजनालाई व्यवहारिक हदसम्म कार्यान्वयन गर्नुहुनेछ।

**यदि आमाबुवा निश्चित पेशेवरको काम गराइ प्रति असन्तुष्ट भएमा**

संदिग्ध बाल दुर्व्यवहारको मामिला सम्हाल्ने जिम्मेवार पेशेवरहरूले आमाबुवाले सो कुरालाई बुझी सहयोग गर्ने आशाका साथ आमाबुवालाई अपनाइने/अपनाइएका कदमहरू र त्यसको पछाडिको कारणको बारेमा बुझाउने सक्दो प्रयास गर्नुहुनेछ। निश्चित पेशेवरद्वारा अपनाएको कदम प्रति असन्तुष्ट भएका आमाबुवाले उक्त पेशेवरको संस्था सामु आफ्ना विचारहरू राख्न वा त्यस संस्थामा उजुरी दायर गर्न सक्नुहुन्छ।